# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असार २३ गते २०५४ साल (पूर्वातिरिक्ताङ्क १७(ख

## भाग ३

### श्री ५ को सरकार
### स्थानीय विकास मन्त्रालयको सूचना

**राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमाः–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित राष्ट्रिय जनजाति विकास समिति सम्झनु पर्छ ।

(ख) "जनजाति" भन्नाले सामान्यतया आफ्नै मौलिक भाषा र संस्कृति भएका, सामाजिक विकासका दृष्टिले अन्य जाति भन्दा पछि परेका अनुसूची–१ मा संलग्न जनजातिहरू र श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका जाति वा समुदाय सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

(घ) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिव समेतलाई जनाउँछ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. राष्ट्रिय जनजाति विकास समितिको गठनः (१) जनजातिहरूको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न राष्ट्रिय जनजाति विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमका समितिमा देहायका सदस्यहरू रहने छन्:–

(क) स्थानीय विकास मन्त्री वा राज्यमन्त्री – अध्यक्ष

(ख) श्री ५ को सरकारद्वारा मनोनीत एकजना – उपाध्यक्ष

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने) – सदस्य

(घ) उपकुलपति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वा निजले तोकेको उक्त प्रतिष्ठानको सदस्य – सदस्य

(ङ) सचिव, स्थानीय विकास मन्त्रालय – सदस्य

(च) सचिव, महिला तथा समाज कल्याण मन्त्रालय – सदस्य

(छ) सचिव, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय – सदस्य

(ज) पाँच विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी जनजाति समुदायका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत पाँचजना – सदस्य

(झ) जनजाति सम्बन्धी गैर सरकारी संघ संस्थाका प्रमुखहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुईजना – सदस्य

(ञ) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) मनोनीत सदस्यहरूको पदावधि चार बर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) जनजातिहरूको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) श्री ५ को सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग एवं साधन स्रोतका आधारमा तयार गरिने जनजातिहरूसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा स्थानीय निकायसमेतलाई संलग्न गराई गाउँ स्तरसम्म त्यस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा पुऱ्याउन समन्वय गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू बीच जनजाति विकास सम्बन्धी विषयहरूमा जानकारी प्राप्त गर्न जनजाति विकास सम्बन्धी नेटवर्क स्थापना गरी सोको विस्तार गर्ने ।

(घ) जनजातिहरूको आर्थिक एवं सामाजिक पक्षको विकास सम्बन्धी अध्ययन, अनुसन्धान गर्नुका साथै तत्सम्बन्धी पुस्तक, लेख आदि प्रकाशन, प्रदर्शन एवं सूचना पद्धतिको स्थापना गर्ने, गराउने ।

(ङ) जनजाति सम्बन्धी विज्ञ परामर्श सेवा प्रदान गर्ने ।

(च) जनजातिको विविध पक्षको विकास कार्यमा संलग्न संस्थालाई वित्तीय तथा प्राविधिक सहायता उपलब्ध गराउने ।

(छ) जनजाति समुदायका व्यक्तिहरूलाई तोकिएको आधारमा स्वदेश तथा विदेशमा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराउन श्री ५ को सरकार समक्ष अनुरोध गर्ने ।

(ज) जनजातिहरूको कार्य क्षमतामा वृद्धि गर्दै लैजाने र दिगो विकासका लागि आय आर्जन लगायतका सामुदायिक विकास कार्यक्रमहरू संचालन गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(ञ) समितिको कार्य संचालनका लागि आवश्यकतानुसार कर्मचारी नियुक्ति गर्ने ।

(ट) जनजातिहरूका विविध पक्षको विकास सम्बन्धमा गोष्ठी तालीम तथा सेमिनार संचालन गर्ने, गराउने ।

(ठ) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरू गर्ने ।

५. समितिको बैठकसम्बन्धी कार्यविधि : (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्य-हरूलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिका निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशक: (१) श्री ५ को सरकारले समितिको प्रशासकीय प्रमुखको रूपमा रही कार्य गर्न कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः एक अवधिका लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक सेवाका शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोकेबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः (१) अध्यक्षको सामान्य निर्देशनमा रही कार्यकारी निर्देशकले समितिको दैनिक प्रशासन, कर्मचारी प्रशासन र आर्थिक प्रशासन संचालन गर्नेछ।

(२) समितिको निर्णय प्रमाणित गर्नु, कार्यान्वयन गराउनु र निर्णय पुस्तिका सुरक्षित गरी राख्नु कार्यकारी निर्देशकको कर्तव्य हुनेछ।

८. समितिका कर्मचारी : (१) समितिले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

९. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम।

(ख) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम।

(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त हुन आउने रकम।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (२) को खण्ड (ख) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिने छ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको खाता सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

१०. समितिको लेखा र लेखा परीक्षणः (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. उप-समिति वा कार्य टोली गठन गर्न सक्नेः (१) समितिले यो आदेश र यसै आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. बैठक भत्ता तथा अन्य सुविधाः समिति, उप-समिति वा कार्यटोलीका सदस्यहरूले श्री ५ को सरकारले तोके बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१३. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालयः समितिको मुख्य कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ र आवश्यकतानुसार शाखा कार्यालयहरू उपत्यका बाहिर पनि रहन सक्नेछन् ।

१५. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, उप-समिति, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. निर्देशन दिन सक्नेः श्री ५ को सरकारले समितिको कामसँग सम्बन्धित विषयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. नियम बनाउने अधिकारः— यस आदेशको उद्देश्य प्राप्तिको लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्ता नियमहरू लागू हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची– १
(दफा २ को खण्ड (ख) सँग सम्बन्धित)

| | | |
|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुसवाडिया |
| ४. कुसुण्डा | ५. गनगाई | ६. गुरुङ |
| ७. चिमतन | ८. चेपाङ | ९. छन्त्याल |
| १०. छेरोतन | ११. जिरेल | १२. झाङगड |
| १३. ठिनतन | १४. डोल्पा | १५. ताङवे |
| १६. ताजपुरीया | १७. तामाङ | १८. तोप्केगोला |
| १९. थकाली | २०. थामी | २१. थारु |
| २२. थुदुम | २३. दनुवार | २४. वराई |
| २५. दुरा | २६. धानुक | २७. धिमाल |
| २८. नेवार | २९. पहारी | ३०. फ्रि |
| ३१. बनकरीया | ३२. बरामो | ३३. बाह्र गाउँले |
| ३४. बोटे | ३५. ब्याँसी | ३६. भुजेल। घर्ति |
| ३७. भोटे | ३८. मगर | ३९. मनाङे |
| ४०. माझी | ४१. मार्फाली | ४२. मुगाली |
| ४३. मेचे | ४४. राई | ४५. राउटे |
| ४६. राजवंशी (कोच) | ४७. राजी | ४८. लार्के |
| ४९. लिम्बु | ५०. लेप्चा | ५१. ल्होपा |
| ५२. ल्होमी | ५३. शेर्पा | ५४. सतार। सन्थाल |
| ५५. सियार | ५६. सुनुवार | ५७. सुरेल |
| ५८. स्याँगतन | ५९. हायु | ६०. होलुङ |
| ६१. ह्योल्मो | | |

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

152

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।